जिल्ला प्रशासन कार्यालय मकवानपुर दर्ता नं. ११९/२०६९/०७० मकवानपुर जि. हुलाक कार्यालय दर्ता नं ०५/२०७६/०७७

www.saheekhabar.com

सहीखबर

साप्ताहिक

वर्ष- १४, अङ्क- ३९, २०८३ वैशाख १७ गते विहीबार, 30Apr 2026, नेपाल सम्वत्-११४६ पृष्ठ-६, मूल्य रु. ५/-

निर्देशनालयहरू खारेज गरिदै



सुधारको पहल

○ गणेश दुलाल

मकवानपुर । बागमती प्रदेशको संस्थागत तथा प्रशासनिक सुधारका लागि मन्दै विभिन्न मन्त्रालयका ५ वटा निर्देशनालय खारेजीको तयारी गरिएको छ ।

चुस्त प्रशासन तथा सङ्गठन कायम गर्न उद्देश्य अनुसार प्रदेश सरकारले हाल कायम रहेको ७ मध्ये अब ३ वटा निर्देशनालय मात्र राख्ने तयारी गरेको हो ।

प्रदेशको कृषि निर्देशनालय र पशुपन्छी विकास निर्देशनालयलाई एकीकृत गरेर एक वटा कायम गर्न तयारी गरिएको छ भने स्वास्थ्य निर्देशनालय कायम गरेर अन्य सबै निर्देशनालयहरु खारेजीको तयारीमा सरकार अघि बढेको छ ।

सरकारले खारेजीको तयारी गरेको निर्देशनालयहरुमा यातायात पूर्वाधार निर्देशनालय, शिक्षा विकास निर्देशनालय, वन निर्देशनालय र उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय छन् ।

प्रदेशका कृषि तथा पशुपन्छी विकास मन्त्री मधुसूदन पौडेलको नेतृत्वमा रहेको प्रशासनिक पुनर्संरचना तथा सुधारका लागि गठित उच्चस्तरीय निर्देशन समितिले उक्त निर्देशनालय खारेजीको अन्तिम तयारी थालेको हो । सो समितिले गत मंसिरमा विज्ञ समूह गठन गरी पूर्व सचिव विमल वाग्लेको नेतृत्वमा अध्ययन गरी तयार गरेको प्रतिवेदनको आधारमा निर्देशनालय खारेज गर्न लागिएको हो ।

सोही अनुसार निर्देशक समितिले सबै मन्त्रालय र विषयगत संसदीय समितिहरुलाई सुझाव पेस गर्न पत्राचार समेत गरेको छ भने आगामी ११ गते मित्र सुझाव दिइसक्न भनेको छ ।

उक्त सुझावका आधारमा प्रशासनिक पुनर्संरचना कार्यान्वयन गरेर सरकारले आगामी आर्थिक वर्षको बजेट कार्यक्रमको सिलिङ निर्धारण गर्ने तयारी गरेको छ ।

सरकारले प्रशासनिक खर्च कटौती र कार्यसम्पादनमा दोहोरोपन हटाउन मन्दै अघि बढाएको उक्त निर्णय विवादमुक्त भने छैन ।

पूर्व सहसचिव यज्ञनाथ दाहालले निर्देशनालय खारेजी गरिए कानुनी र व्यवस्थापकीय जटिलता निम्त्याउन सक्ने बताए । निर्देशनालय खारेजी केवल प्रशासनिक निर्णय मात्र नभई जटिल कानुनी विषय भएकाले सोझै खारेजीको निर्णय उपयुक्त नहुने उनले बताए ।

दाहालका अनुसार, वन ऐनमा प्रदेश वन निर्देशकको पद र भूमिका स्पष्ट रुपमा किटान गरिएको छ । विशेषगरी सामुदायिक वन फिर्ता लिने जस्ता विवादहरुमा डिभिजन वन कार्यालयको निर्णय विरुद्ध उजुरी सुन्ने अन्तिम पुनरावेदन अधिकारीको रुपमा निर्देशकलाई तोकिएको उनले बताए ।

प्राविधिक र अर्ध फौजी संरचनाका रुपमा रहेको वन क्षेत्रमा चेन अफ कमान्ड नमिल्दा प्रशासन सञ्चालनमा समस्या आउने उनको भनाइ छ । उनका अनुसार मन्त्रालयको एउटा महाशाखाले नीतिगत काम गर्न सके पनि फिल्डमै पुगेर गरिने प्राविधिक अनुगमन र व्यवस्थापन प्रभावकारी हुन सक्दैन । सरकारको खर्च कटौती गर्ने उद्देश्य राम्रो भए पनि कानुनी आधार तयार नगरी चालिने कदमले प्रशासनिक अराजकता ल्याउन सक्ने उनले बताए ।

'प्राविधिक काम मन्त्रालयबाट सम्भव छैन'

सरकारले निर्देशनालय खारेज गरेर मन्त्रालयको महाशाखाको रुपमा राखे तयारी गरेसँगै कर्मचारीहरुले उक्त विषय उचित नहुने तर्क गरेका छन् । भौतिक पूर्वाधार विकास मन्त्रालयका एक उपसचिवले मन्त्रालयले नीतिगत काम गर्ने भए पनि पुल र सडकको विस्तृत डिजाइन, लागत अनुमान स्वीकृति र जटिल ठेक्का व्यवस्थापन जस्ता कार्यहरु विशुद्ध प्राविधिक विषय भएको बताए । उक्त कार्य मन्त्रालयको प्रशासनिक संरचनाबाट सम्भव नरहेको उनको भनाइ छ ।

विगत ७ वर्षमा निर्देशनालयले ३ हजार किलोमिटरभन्दा बढी सडक स्तरोन्नति, १७० वटा सडक पुल र १९० भन्दा बढी झोलुङ्गे पुल निर्माणमा नेतृत्वदायी भूमिका खेलेको उनले बताए । सडकको गुणस्तरका लागि सूचना व्यवस्थापन प्रणाली, सडक सम्पत्ति व्यवस्थापन जस्ता आधुनिक प्रविधिहरु मित्यर्याउने योजना निर्देशनालयबाट उपयुक्त हुने उनको भनाइ छ । आकस्मिक समयमा बेलिब्रिज जडान र लामो दूरीका झोलुङ्गे पुल निर्माणमा निर्देशनालय अपरिहार्य निकाय रहेको उनले बताए ।

भौतिक पूर्वाधार विकास मन्त्रालय अन्तर्गतको सडक पूर्वाधार क्षेत्र हेर्ने विभाग स्तरीय कार्यालय निर्देशनालय संघीय सरकारको सङ्गठन संरचना अनुसार प्रदेश स्थापनाकाल देखि नै क्रियाशील रहेको उनले बताए । उनका अनुसार अधिकृतस्तर एघारौं तह (निर्देशक) को नेतृत्वमा सञ्चालित निर्देशनालयले प्रादेशिक सडक गुरूयोजना अनुसार सडकहरुको निर्माण, विस्तार, मर्मत र नियमन गर्ने, लागत अनुमान स्वीकृति, बोलपत्र कागजात स्वीकृत, ठेक्का सम्झौता, भेरिएसन आदेश र म्याद थप सम्बन्धी निर्णयहरु गर्ने, मातहतका कार्यालयबाट सञ्चालित आयोजनाहरुको प्राविधिक अनुगमन, निरीक्षण र मूल्याङ्कन गर्ने काम गर्दै आएको छ । आयोजना कार्यान्वयनमा आउने प्राविधिक समस्या समाधानका लागि परामर्श दिने र नलेज ट्रान्सफर हबको रुपमा कार्य गर्ने निर्देशनालयबाट हुँदै आएको छ ।

सडक विकासका लागि सार्वजनिक निजी साझेदारी र हाइब्रिड एन्युइटी मोडलका लगानीका अवधारणामा निर्देशनालयले कार्य गर्ने र प्रदेशस्तरमा प्राविधिक स्टाफ कलेज स्थापना र विश्वविद्यालयहरुसँग सहकार्य गरी अनुसन्धानमूलक कार्यमा अघि बढाउन सक्ने अवस्था रहेको छ ।

वनमा कानुनी र अर्धन्यायिक संकटको डर

यस्तै प्रदेशको वन तथा वातावरण मन्त्रालयका एक उपसचिवका अनुसार वन निर्देशनालयको खारेजीसँगै कानुनी जटिलता निम्त्याउने देखिन्छ । संघीय र प्रादेशिक वन ऐन, २०७६ ले निर्देशनालयलाई प्रशासनिक मात्र नभई अर्धन्यायिक अधिकार समेत दिएको उनले बताए । डिभिजनल वन अधिकृतले सामुदायिक वा धार्मिक वन फिर्ता लिने निर्णय गरेमा त्यसविरुद्ध निर्देशनालयमा उजुरी गर्ने र निर्देशकले गर्ने निर्णय अन्तिम हुने कानुनी व्यवस्था रहेकाले निर्देशनालय खारेज भएमा जनताको उजुरी सुन्ने निकाय नै शून्य हुने देखिन्छ । प्रदेशका ३३ वटा बजेट कार्यान्वयन इकाई र १ हजार १५ कर्मचारीहरुको कार्यसम्पादन मूल्याङ्कन र सूक्ष्म अनुगमन निर्देशनालयले गर्दै आएको उनले बताए ।

इन्साइड ---- स्टोरी

नेपालमा मात्रै हो सुकुम्वासी समस्या ?



विचार

✍ युमाश शेर्पा

पेज २ मा

अलपत्र ३४ वटा योजान पुन: संचालनमा



पेज ३ मा

चेपाङ बाहुल्य क्षेत्रको छुट्टै पालिका प्रस्ताव



पेज ४ मा

मकवानपुरका दुग्ध उत्पादक किसानको बक्यौता रकम असारमा

पेज ५ मा

प्रकाशक/सम्पादक :- सरिता दाहाल
मुख्य कार्यालय :- हेटौंडा-५ मकवानपुर
सम्पर्क :- ९८४५४६१३३३
इमेल :- saheekhabar333@gmail.com
कम्प्युटर सेटिङः *सहीखबर साप्ताहिक* डेक्स
हेटौंडा-५, मकवानपुर
छापाखाना :- श्रीया अपसेट प्रेस,हेटौंडा ५

सम्पादकीय

सुधारमा प्रदेश

बागमती प्रदेश सरकारले हालै अघि सारेको निर्देशनालय खारेजी र मन्त्रालयको संख्या घटाउने निर्णय प्रशासनिक सुधारको दिशामा एउटा साहसी कदम मानिन्छ। संघीयता कार्यान्वयनको एक दशक पुग्न लाग्दा "भद्दा प्रशासनिक संरचना" र "उच्च सञ्चालन खर्च" का बारेमा उठ्दै आएका प्रश्नहरुको जवाफ दिने प्रयासको रुपमा यसलाई हेरिएको छ। चालु खर्चमा कटौती गर्न, दोहोरोपनको अन्त्य गर्न यो अपरिहार्य नै थियो । निर्देशनालयहरु खारेज हुँदा घरभाडा, गाडी, इन्धन र प्रशासनिक कर्मचारीको ठूलो खर्च जोगिन्छ। उक्त रकम विकास निर्माणमा खर्च गर्न सकिन्छ। मन्त्रालय र जिल्ला तहका कार्यालयहरुबीचको "बिचौलिया तह" को रुपमा रहेका निर्देशनालय हट्दा फाइल घुम्ने समय घट्छ र निर्णय छिटो हुन्छ। धेरै ठाउँमा मन्त्रालय र निर्देशनालयको कार्यक्षेत्र बाझिने गरेको थियो। यो कदमले कार्यविभाजनलाई स्पष्ट बनाउँछ। मन्त्रालयको संख्या घटाउँदा राजनीतिक स्थिरता र राज्यकोषमा पर्ने भार कम हुन्छ।

निर्देशनालयहरू कटौती गर्दै गर्दा केही चुनौतीहरू पनि अवश्य छन् । निर्देशनालयहरुले जिल्ला स्थित कार्यालयहरुको प्राविधिक अनुगमन र समन्वय गर्थे, अब मन्त्रालयले सीधै जिल्ला तहसम्म प्रभावकारी सञ्जाल विस्तार गर्न नसके 'म्याकुम' सिर्जना हुन सक्छ। खारेज भएका संरचनाका कर्मचारीहरुलाई उपयुक्त जिम्मेवारी दिन र उनीहरुको मनोबल उच्च राख्न चुनौतीपूर्ण हुन सक्छ। यसैगरी मन्त्रालयको संख्या घट्दा एउटै मन्त्रालयले धेरै विधा हेर्नुपर्ने हुन्छ, जसले गर्दा कार्यसम्पादनमा विशिष्टीकरणको अभाव हुन सक्छ।

यि चुनौतीका बाबजुत पनि सुशासनका लागि आधारभूत संरचना तयार गर्न प्रविधिमैत्री सेवा, सेवालाई अनलाइन र 'पेपरलेस' बनाउँदै, केन्द्र वा प्रदेश राजधानीमा सिमित अधिकार प्रत्यायोजन गरी स्थानीय तहलाई बलियो बनाउँदै सुशासनको महसुस गराउने यो निर्णय महत्वपूर्ण छ । संरचना सानो हुँदा निगरानी गर्न सजिलो हुन्छ। यदि बचेको बजेट सदुपयोग भयो र भ्रष्टाचार नियन्त्रण भयो भने मात्र यसको औचित्य पुष्टि हुन्छ, सुशासनको लागि हातेमालो गरौं ।

नेपालमा मात्रै हो सुकुम्वासी समस्या ?



युमाश शेर्पा

छिमेकी राष्ट्र भारत सुकुम्वासी समस्यासँग दशकौंदेखि जुधिरहेको छ । भूमि वितरण असमान रहेकै कारण भारतमा ठूलो संख्यामा भूमिहीन किसान छन् । ग्रामीण क्षेत्रमा कृषियोग्य जमिन सीमित व्यक्तिका नियन्त्रणमा रहँदा किसान भूमिहीन बनेका हुन् । सहरी क्षेत्रमा रोजगार खोजीमा आउने जनसंख्यालाई पर्याप्त आवास उपलब्ध गराउन नसक्दा पनि 'झुपड बस्ती' विस्तार भएको छ ।

बालेन्द्र शाह काठमाडौं महानगरपालिका प्रमुख हुँदा नेकपा एमाले अध्यक्ष केपी शर्मा ओली प्रधानमन्त्री थिए । तत्समय शाह नेतृत्वको महानगरले काठमाडौं थापाथली सुकुम्वासी बस्तीमा डोजर चलायो, त्यसको विरोधमा प्रदर्शन भए, बस्तीवासी प्रतिकारमा उत्रिए । महानगर प्रहरी र उनीहरुबीच घम्साघम्सी पऱ्यो । कयौं घाइते भए । ओली सरकारसँग महानगरले सहयोग माग्यो, तर सुनुवाइ भएन । र, थापाथली सुकुम्वासी बस्तीबाट 'ब्याक' हुन बाध्य भए मेयर शाह ।

अहिले दृश्य फेरिएको छ, शाह सिंहदरबारको कुर्सीमा छन्, ओली गुन्हु । ओली अध्यक्ष रहेकै पार्टी एमालेबाट काठमाडौं महानगर उपप्रमुख बनेकी कार्यवाहक प्रमुख सुनिता डंगोल नेतृत्वकै महानगर पालिकाले थापाथली सुकुम्वासी गत १७ वैशाखका दिन करिब ६ घण्टाकै अवधिमा हटायो । शाह र डंगोलले एकअर्कालाई चुपचाप साथ दिए । यतिखेर मुलुकभरका अतिक्रमित सार्वजनिक जग्गामा 'डोजर अभियान' तीव्र बनेको छ ।

काठमाडौं उपत्यकामा सुकुम्वासी पुनर्वाससम्बन्धी सरकारी योजना अहिले चरणबद्धरुपमा अघि बढाइएको छ । थापाथली, गौरिगाउँ, सिनामंगल र मनोहरा नदी किनारका बस्तीका विस्थापितलाई सुरूमा अस्थायीरुपमा होटल, लज वा अन्य सरकारी तथा गैरसंरचनामा राख्ने व्यवस्था गरिएको छ ।

सुकुम्वासी प्रमाणितलाई काठमाडौंमैत्रैका केही सरकारी खाली जग्गा वा संरचनामा स्थायी बसोबास गराउने सरकारको योजना छ । यसअघि, सुन्दरीघाट, बालाजु, बौद्ध□रामहिटी, चोभारलगायत क्षेत्रमा पुनर्वास प्रस्ताव गरिए पनि स्थानीय विरोध तथा व्यवस्थापन चुनौतीका कारण कार्यान्वयन हुन सकेन । अहिले पुनर्वास ठेगाना स्पष्ट नखुलाइएको, अस्थायी व्यवस्थापनमै सीमित रहने जोखिम र वास्तविक सुकुम्वासी छुट्याउने प्रक्रिया जारी छ ।

त्यसो त, अत्याधुनिक विश्वको तीव्र सहरीकरण र असमान विकास प्रक्रियाको एउटा जटिल परिणाम बन्दै छ, भूमिहीन अर्थात् सुकुम्वासी समस्या । भूमि स्वामित्व अभाव, असुरक्षित बसोबास र आधारभूत सेवाबाट वञ्चित भएको अवस्थामा यस किसिमका सामाजिक समस्या देखापर्ने गर्छन् ।

के हो सुकम्वासी ?

घर वा जग्गा नभएकामात्रै 'सुकुम्वासी' होइनन् । कानुनीरुपमा बसोबास अधिकार नभएका सम्पूर्ण समुदाय भन्ने बुझ्न जरूरी छ । सुकुम्वासी समस्या आर्थिक, सामाजिक, राजनीतिक र संस्थागत असमानतासँग पनि जोड्न सकिन्छ । यसलाई विश्वव्यापीरुपमा औद्योगिकीकरण र सहरीकरणसँगै ग्रामीण क्षेत्रबाट सहरोन्मुख बसाइँसराइ मान्न सकिन्छ । सहरी पूर्वाधार र आवास विकास अनुपातमा विस्तार हुन नसक्दा पनि सुकुम्वासी बस्ती वृद्धि हुँदै गएको हो ।

विश्वका करोडौं मानिस अझै पनि असुरक्षित र अव्यवस्थित बस्तीमा बस्न बाध्य छन् । संयुक्त राष्ट्रसंघीय प्रतिवेदनले समेत सुकुम्वासी समस्या विकासशील राष्ट्रको मात्र नभई विश्वव्यापी संरचनाका लागि समेत चुनौती बनिरहेको औंल्याएको छ ।

मुम्बईको धारावीजस्ता क्षेत्रमा अत्यधिक जनघनत्वसँगै कमजोर सरसफाइ र सीमित पूर्वाधारमा मानिस बाँचिरहेका छन् । भारत सरकारले 'प्रधानमन्त्री आवास योजना'जस्ता कार्यक्रम सञ्चालन गरेको छ । यसमार्फत सस्तो आवास उपलब्ध गराउने प्रयास गरिए पनि जनसंख्याको दबाब, प्रशासनिक किचलो र भ्रष्टाचारका कारण यी प्रयासमै सीमित बनेका छन् । छिमेकी राष्ट्र भारतबाटै के स्पष्ट हुन्छ भने सुकुम्वासी समस्या समाधानका लागि नीति□योजना घोषणामात्रै पर्याप्त हुँदैन । यसको प्रभावकारी कार्यान्वयन र अनुगमन महत्वपूण पाटा हुन् ।

उता, दक्षिण अमेरिकाको ब्राजिलको 'फाभेला' बस्ती सुकुम्वासी समस्याको चपेटामा छन् । यी बस्ती प्रारम्भमा अव्यवस्थित र अपराधग्रस्त मानिन्थे । पछिल्ला दशक ब्राजिलले 'फेभेला अपग्रेडिङ' र णनीतिमार्फत उल्लेखनीय परिवर्तन ल्याएको छ । बस्ती हटाउनेभन्दा पनि सुधार गर्ने लक्ष्य राखेको यो रणनीति पानी, बिजुली, सडक, विद्यालय र स्वास्थ्य सेवा विस्तार गरेर बासिन्दालाई सहरको मुख्यधारा मा समेट्ने प्रयास हो । यसबाट सुकुम्वासी समस्या समाधानमा समावेशी विकास र सामाजिक न्यायले प्रभावकारी भूमिका निर्वाह भएको देखिन्छ ।

दक्षिण अफ्रिकामा सुकुम्वासी समस्या देखिनु 'रंगभेद नीति'को परिणाम मानिन्छ । यो नीतिले गोरा र काला समुदायबीच भूमि वितरणमा गहिरो असमानता खडा गऱ्यो । लोकतन्त्र स्थापनापछि दक्षिण अफ्रिकी सरकारले भूमि पुनर्वितरण र अधिकार पुनर्स्थापना कार्यक्रम लागू गरे पनि ती कार्यक्रम राजनीतिक विवाद, प्रशासनिक जटिलता र सीमित स्रोतका कारण अपेक्षाकृत सफल भएनन् । ऐतिहासिक अन्याय समाधान गर्न नीतिमात्रै पर्याप्त नहुने यहाँबाट पनि प्रस्ट हुन्छ । सामाजिक समस्या समाधानका लागि दीर्घकालीन राजनीतिक प्रतिबद्धता र सामाजिक सहमतिले महत्वपूर्ण भूमिका खेल्ने दक्षिण अफ्रिकी नीतिबाट सिक्न सकिन्छ ।

त्यस्तै, दक्षिणपूर्वी एसियाको थाइल्यान्डले 'बा म्यानकोङ' नीतिमार्फत सुकुम्वासी समस्या समाधानका लागि प्रभावकारी र नवीन दृष्टिकोण अघि सारेको पाइन्छ । यस कार्यक्रमअन्तर्गत त्यहाँको सरकारले समुदायलाई सीधा आर्थिक सहायता उपलब्ध गराएर उनीहरुलाई आ ने आवास निर्माण गर्ने अधिकार दिएको छ । यसबाट समुदायमा स्वामित्वको भावना विकास हुनुका साथै लागत न्यूनिकरण र पारदर्शिता बढाउन मद्दत पुग्छ । स्थानीयस्तरमा पनि निर्णय लिने अधिकार दिँदा कार्यक्रमको प्रभावकारिता अपेक्षाकृत रुपमा प्रभावकारी बनेको पाइएको छ ।

यता, फिलिपिन्सले पनि 'सामुदायिक कार्यक्रम'मार्फत सामूहिक स्वामित्व अवधारणा विकास गरेको छ । यस कार्यक्रमअन्तर्गत सुकुम्वासीले सामूहिकरुपमा ऋण लिएर आफू बसेको जमिन खरिद गर्न सक्छन् । यसले कानुनी स्वामित्व प्रदान गर्नुका साथै वित्तीय पहुँच विस्तारमा पनि सहयोग पुगेको देखिन्छ । समुदायकेन्□त कार्यक्रम सुकुम्वासी समस्या समाधानका लागि यी अभियान अत्यन्त प्रभावकारी मानिएका छन् ।

अर्को मित्रराष्ट्र चीनले भने राज्य नेतृत्वमा तीव्र आवास विकास कार्यक्रम सञ्चालन गरेको छ । चीनमा भूमि राज्यको नियन्त्रणमा हुने भएकाले सरकार ठूलो मात्रामा आवास निर्माण गर्न सक्षम भएको छ । सहरी पुनर्वास कार्यक्रम, सार्वजनिक आवास र पूर्वाधार विकासमार्फत लाखौं मानिसलाई व्यवस्थित आवासमा स्थानान्तरण गरिएका छन् । यद्यपि, चीनले यस 'मोडेल'मा नागरिक सहभागिता सीमित हुने र कहिलेकाहीं जबर्जस्ती पुनर्वास हुने आलोचनासमेत खेप्ने गरेको छ ।

विभिन्न अन्तर्राष्ट्रिय सुकुम्वासी समस्या विश्लेषणक्रममा के स्पष्ट हुन्छ भने यो बहुआयामिक त छ नै, साथै समाधानका लागि पनि बहुआयामिक दृष्टिकोण आवश्यक पर्ने देखिन्छ । भूमि स्वामित्वको कानुनी आधार अत्यन्त आवश्यक किन पनि छ भने यसले आर्थिक अवसर विस्तार गर्छ । पानी, सरसफाइ, सडक र स्वास्थ्य सेवाजस्ता अनिवार्य पाटा सहरी पूर्वाधार विकास नै

बाँकी पेज ५ मा

सहीखबर
समाचार/विविध
www.saheekhabar.com
२०८३ वैशाख १७ विहीबार,
जि.प्र.का.मकवानपुर दर्ता नं. ११९/२०६९/०७०

अलपत्र ३४ वटा योजान पुन: संचालनमा

○ सहीखबर संवाददाता



मकवानपुर । बागमती प्रदेशको भौतिक पूर्वाधार विकास मन्त्रालयअन्तर्गत लामो समयदेखि रूग्ण (अलपत्र) अवस्थामा रहेका ४३ वटा योजनामध्ये ३४ वटाको निर्माण कार्य पुन: सञ्चालनमा ल्याइएको छ ।

मन्त्रालयको 'रूग्ण आयोजना पहिले सक्ने' नीतिअनुरुप पूर्वाधार विकास कार्यालय मकवानपुरअन्तर्गत पर्ने मकवानपुरगढीको सामरी, सित्रे दोभान, लालझाडी पुल, राप्ती करिडोरलगायतका कामले तीव्रता पाएका हुन् ।

यसैको लागि हेटौंडा उपमहानगरपालिका क्षेत्रभित्र सञ्चालनमा आएका योजनाहरुको पछिल्लो अवस्था बुझ्न बागमती प्रदेशका भौतिक पूर्वाधार विकासमन्त्री डा. दिनेशचन्द्र देवकोटाले स्थलगत अनुगमन गर्नुभएको छ ।

उहाँले मंगलबार हेटौंडा १ स्थित लालझाडी जोड्ने पुल, राप्ती करिडोर, वडा नं. ६ को भाङटार पुल, हेटौंडा चक्रपथ (रिङरोड) अन्तर्गत वडा नं. १५ को खहरे ढलान र वडा नं. १६ स्थित कर्रा खोला पुलको निर्माणाधीन संरचनाको निरीक्षण गर्नुभयो ।

अनुगमनका क्रममा मन्त्री डा. देवकोटाले सुरू भइसकेका योजनाहरु तोकिएको समयसीमाभित्रै सम्पन्न गर्न र रोकिएका योजनाहरु तत्काल अगाडि बढाउन निर्देशन दिनुभयो ।

उहाँले समयमै काम सम्पन्न गर्न आवश्यकताअनुसार कामदार थप्न निर्माण व्यवसायीलाई आग्रह गर्दै भन्नुभयो, 'जनतालाई प्रत्यक्ष लाभ हुने कुरामा हामी ढिलासुस्ती चाहँदैनौं ।

गुणस्तर हाम्रो पहिलो प्राथमिकता हो, त्यसमा कुनै सम्झौता हुँदैन । अझै कामदार थप्नुस्, समयमै काम सम्पन्न गरेर भुक्तानी लिनुस्, भुक्तानीमा कुनै समस्या हुने छैन ।'

कहाँ के भइरहेको छ निर्माण ?

भाङटार खहरे खोला बक्सपुल:

अनुगमन गरिएका आयोजनामध्ये हेटौंडा उपमहानगरपालिका वडा नं. ६ र ७ जोड्ने भाङटार खहरे खोलाको बक्सपुल निर्माण अन्तिम चरणमा पुगेको छ । यसअघि उपमहानगरपालिकाले सुरू गरेर पूरा गर्न नसकेको यो पुल बागमती प्रदेश सरकारले करिब १ करोड ७९ लाख रूपैयाँ विनियोजन गरेपछि निर्माण सम्पन्न हुने अवस्थामा पुगेको हो ।

करिब १८ मिटर लम्बाइ र ८.४० मिटर चौडाइ रहेको यस पुलको अब रेलिङ राख्ने काम मात्रै बाँकी छ । यस योजनाअन्तर्गत ७६० घनमिटर जालीको काम सकिएको छ भने २७० घनमिटर प्लम वालको काम अन्तिम चरणमा छ । निर्माणको जिम्मा पाएको सरस्वती निर्माण सेवाले २०८३ जेठ १५ को म्याद अगावै पुल हस्तान्तरण गर्ने प्रतिबद्धता जनाएको छ ।

लालझाडी पुल

डिजाइनमा समस्या हुँदा सुस्त बनेको हेटौंडा १ स्थित राप्ती खोलामा लालझाडी जोड्ने पुलको कामले पनि गति लिएको छ । पूर्वाधार विकास कार्यालय मकवानपुरका सव इन्जिनियर रवीन्द्र यादवका अनुसार डिजाइन सुधारपश्चात् तीनमध्ये दुई स्पानको ढलान सकिएको छ भने आगामी साताबाट तेस्रो स्पानको काम सुरू हुनेछ ।

शिवशक्ति सिद्धार्थ शिवम जेभीले २०७८ जेठ १८ मा ८ करोड ४७ लाख रूपैयाँमा सम्झौता गरेको यो पुल १२० मिटर लामो र ११ मिटर चौडा छ । डिजाइन सुधारपछि लागत ९ करोड ३२ लाख पुगेको यस पुलको हालसम्म ५९ प्रतिशत भौतिक प्रगति भएको छ भने ५ करोड ७६ लाख रूपैयाँ भुक्तानी भइसकेको छ ।

राप्ती करिडोर

चौकीढोलदेखि राप्ती पुलसम्मको ३.३४ किलोमिटर राप्ती करिडोर निर्माणको काम डिजाइन र सीमा विवाद समाधान भएपछि धमाधम भइरहेको छ ।

गजुरमुखी शिवशक्ति निशान जेभी काठमाडौंले २०७६ सालमा ठेक्का लिएको यस योजनाको लागत १३ करोड ८४ लाख रूपैयाँ रहेको छ । फिल्ड इन्जिनियर यादवका अनुसार हालसम्म आयोजनाको भौतिक प्रगति ६३ प्रतिशत पुगेको छ भने ९ करोड ६१ लाख रूपैयाँ भुक्तानी भइसकेको छ ।

हेटौंडा चक्रपथ स्तरोन्नति

चक्रपथ परियोजना अन्तर्गत हेटौंडा १४ र १५ को खहरेमा ८५० मिटर ढलान, फुटपाथ ग्रेड र ग्याबियन वाल बनाइने काम भइरहेको छ । सुन्दर नेपाल रोजा स्यार्सेकाली जेभीले ३ करोड ८९ लाखमा ठेक्का सम्झौता गरेको यस योजनामा वडा नं. १४ को काम सकेर १५ तर्फ काम सुरू गरिएको छ । हालसम्म यसको भौतिक प्रगति ३८ प्रतिशत रहेको छ ।



कर्रा खोला पुल

हेटौंडा १६ र १८ जोड्ने कर्रा खोलाको निर्माणाधीन पुलको काम ८८ प्रतिशत सकिएर पनि अदालती प्रक्रियाका कारण रोकिएको थियो । २०७४ सालमा इलिट सपना विद्याञ्चल जेभीले ५ करोड २६ लाख रूपैयाँमा निर्माण जिम्मा लिएको यस पुलको विवाद हाल अदालतबाट निरुपण भइसकेको छ ।

पूर्वाधार विकास कार्यालयका इन्जिनियर कृष्ण खनालका अनुसार अब काम पुन: सुरू हुने चरणमा छ भने म्याद २०८३ असार २५ गतेसम्म थपिएको छ ।

पूर्वाधार विकास कार्यालय मकवानपुरले जिल्लामा लामो समयदेखि अलपत्र रहेका आयोजनाहरुलाई प्राथमिकतामा राखेर काम अघि बढाएको कार्यालयका प्रमुख इन्जिनियर सुजन भण्डारीले बताउनुभयो ।

'विगतमा विभिन्न कारणले रोकिएका आयोजनाहरुलाई वर्गीकरण गरी काम सुरू गरिएको छ । मकवानपुरका प्राय: सबै 'क्रोनिक' (रूग्ण) आयोजनाहरुमा काम सुरू भइसकेको छ र धेरैमा उल्लेख्य प्रगतिसमेत हासिल भएको छ,' उहाँले भन्नुभयो ।

चेपाङ बाहुल्य क्षेत्रको छुट्टै पालिका प्रस्ताव

○ सहीखबरसंवाददाता

मकवानपुर । चेपाङ बाहुल्य क्षेत्रका वडाहरू समेटेर भारालाङ र रोराङ गाउँपालिका बनाउन माग गर्दै बागमती प्रदेशका मुख्यमन्त्री इन्द्रबहादुर बानियाँलाई ज्ञापनपत्र बुझाइएको छ ।

हेटौंडास्थित मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा संघका प्रतिनिधिहरूले चेपाङ बसोबास र हेका क्षेत्रलाई समेटेर भारालाङ र रोराङ गाउँपालिका बनाउन माग गर`का हुन् ।

चेपाङ समुदायको पहिचान संरक्षण हुनेगरी धादिङ र चितवनका क्षेत्रहरूलाई समेटर ३ स्थानीय तह पुनर्संरचना गर्नुपर्ने मागसहित नेपाल चेपाङ संघ केन्द्रीय कार्यकारिणी समितिले मुख्यमन्त्री बानियाँलाई बुधबार ज्ञापनपत्र बुझाएको हो ।

उनीहरूले चेपाङ भाषाको संरक्षणमा समेत सहयोग पुग्ने भएकाले भारालाङ र रोराङ गाउँपालिका नामाकरण गरेर सोही अनुसार पुनर्संरचना गर्न माग गरेका छन् ।

संघका केन्द्रीय अध्यक्ष गोविन्दराम चेपाङ, महासचिव सन्तबहादुर चेपाङसहितको ठोलीले मुख्यमन्त्री बानियाँलाई ज्ञापन पत्रमार्फत चेपाङ बाहुल्य रहेको चितवन, धादिङका वडालाई समेटेर छुट्टै स्थानीय तह गठन गर्न प्रस्ताव गरेका हुन् ।

प्रस्तावअनुसार चितवनको इच्छाकामना गाउँपालिकाको वडा नम्बर १ र ३, कालिका नगरपालिकाका वडा नम्बर १० र ११ तथा राप्ती नगरपालिकाका वडा नम्बर १०, ११, १२ र १३ लाई समेटेर भारालाङ गाउँपालिका बनाउन माग गरिएको छ ।

त्यस्तै, धादिङको बेनीघाट रोराङ गाउँपालिका १, ३, ६, ८, ९ र १० तथा गजुरी गाउँपालिकाका वडा नम्बर ३ र ४ लाई समेटेर रोराङ गाउँपालिका बनाउन संघले आग्रह गरेको छ ।

मकवानपुरको राक्सिराङ गाउँपालिका अन्य गाउँपालिका वा नगरपालिकामा गाभिने अवस्था आएमा हालको चेपाङ भाषामा रहेको नाम यथावत राख्नुपर्ने माग पनि गरिएको छ ।

यसका साथै नेपालको संविधान २०७२ को धारा ५६ को उपधारा (५) बमोजिम चेपाङ समुदायको आर्थिक, सामाजिक तथा सांस्कृतिक संरक्षणका लागि चितवन, मकवानपुर, धादिङ र गोरखा जिल्लाका चेपाङ बाहुल्य क्षेत्रमा चेपाङ संरक्षित क्षेत्र घोषणा गर्नुपर्ने माग गरिएको छ ।

ज्ञापनपत्र बुझ्दै मुख्यमन्त्री बानियाँले प्रदेश सरकारले चेपाङ समुदायको विशेष पर्वका अवसरमा सार्वजनिक बिदा दिँदै आएको स्मरण गराउँदै स्थानीय तहसँग समन्वय गरेर





(नेपाल आदिवासी जनजाति महासंघसँग आबद्ध) Regd. No. DAO 436/055/056, Afi. SWC 11851

नेपाल चेपाङ संघ
Nepal Chepang Association
केन्द्रीय कार्यकारिणी समिति

E-mail : chepang@wlink.com.np/chepang2055@gmail.com/Web: www.ncachepang.org

पत्र सं: ०८२।८३ मिति: २०८३।०१।१६
च.नं.: १२९

मानिय मुख्य मन्त्रीज्यू,
बागमती प्रदेश, हेटौंडा, मकवानपुर ।

विषय: ध्यानाकर्षण सम्बन्धमा ।

नेपाल सरकार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले सातवटै प्रदेशको मुख्य मन्त्री तथा मन्त्री परिषद्को कार्यालयलाई स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा ३, ५, ६, ७ र ८ मा भएको व्यवस्थाका आधारमा गाउँपालिका तथा नगरपालिका र वडाको संख्या तथा सीमाना हेरफेर, गाउँपालिका वा नगरपालिका एक आपसमा गाभिने र नगरपालिकाको विद्यमान वर्गीकरणमा पुनरावलोकन गर्ने सम्बन्धमा भएको मिति २०८३/०१/०३ गतेको पत्राचार चेपाङ समुदायको साझा राष्ट्रिय संगठन नेपाल चेपाङ संघले सामाजिक सञ्जाल मार्फत जानकारी प्राप्त भयो । नेपाल सरकार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले हालको गाउँपालिका तथा नगरपालिका र वडाको संख्या तथा सीमाना हेरफेर, गाउँपालिका वा नगरपालिका एक आपसमा गाभिने र नगरपालिकाको विद्यमान वर्गीकरणमा पुनरावलोकन गर्दा चेपाङ समुदायको हाल बसोबास रहेको भुगोललाई चेपाङ समुदायको पहिचान सम्बोधन हुने र पहुँचमा टेवा पुग्ने गरी गर्न मुख्य मन्त्री तथा मन्त्री परिषद्को कार्यालय बागमती प्रदेश मार्फत संघिय सरकारमा तपसिल बमोजिम प्रस्ताव नेपाल चेपाङ संघ ध्यानाकर्षण सहित पेश गर्दछ ।

तपसिल बमोजिम प्रस्ताव

१. चितवन जिल्ला अन्तर्गत:- इच्छाकामना गाउँपालिकाको वडा नं. १ र २, कालिका नगरपालिकाको वडा नं. १० र ११ र राप्ती नगरपालिकाको वडा नं. १०, ११, १२ र १३ लाई समेटी चेपाङ भाषामा "झोरालाङ गाउँपालिका" बनाउनुपर्ने ।
२. धादिङ जिल्ला अन्तर्गत:- बेनीघाट रोराङ गाउँपालिकाको वडा नं. १, २, ६, ८, ९, १० र गजुरी गाउँपालिकाको वडा नं. ३ र ४ लाई समेटी चेपाङ भाषामा "रोराङ गाउँपालिका" बनाउनुपर्ने ।
३. मकवानपुर जिल्ला अन्तर्गत:- राक्सिराङ गाउँपालिका यदि कुनै गाउँपालिका वा नगरपालिकामा गाभिने भएमा चेपाङ भाषामा हालको नाम "राक्सिराङ गाउँपालिका" लाई नै कायम राख्नुपर्ने ।
४. नेपालको संविधान २०७२ को धारा ५६ को उपधारा ५ को स्वायत्त क्षेत्र, संरक्षित क्षेत्र र विशेष क्षेत्र बनाउन सकिने व्यवस्था बमोजिम चेपाङ समुदायको आर्थिक, सामाजिक तथा सांस्कृतिक विकासका निमित्त चितवन, मकवानपुर, गोरखा र धादिङ जिल्लाका चेपाङ बाहुल्य क्षेत्रमा "चेपाङ संरक्षित क्षेत्र" घोषणा गरी आवश्यक कार्यविधि निर्माण गरी कार्यन्वयन गर्नुपर्ने ।

सन्तबहादुर चेपाङ
महासचिव
९८६३३१८८९४

गोविन्दराम चेपाङ
अध्यक्ष
९८५५०६७८०१

चेपाङ समुदायको हितमा प्रदेश सरकारले आवश्यक काम गर्ने बताए ।

२०७८ सालको जनगणनाअनुसार नेपालमा चेपाङ समुदायको कुल जनसंख्या ८४ हजार ३ सय ६४ रहेको छ ।

तीमध्ये पुरूष ४२ हजार ७ सय ५८ र महिला ४१ हजार ६०६ जना रहेको छ। चेपाङहरू भापादेखि कञ्चनपुरसम्मका ३१ जिल्लामा रहेपनि सबैभन्दा धेरै चितवन, मकवानपुर, धादिङ, गोरखा, तनहुँ र लमजुङमा बस्छन्। यसमध्ये करिब ८० प्रतिशत बागमती प्रदेशमा बसोबास गर्छन् ।

वि.सं. २०३४ सालको तत्कालीन राजाको निर्देशनमा उनीहरुको आफ्नो जातीय नाम चेपाङबाट प्रजा भन्न थालिएको हो ।

समुदायको हितमा प्रदेश सरकारले आवश्यक काम गर्ने बताए ।

२०७८ सालको जनगणनाअनुसार नेपालमा चेपाङ समुदायको कुल जनसंख्या ८४ हजार ३ सय ६४ रहेको छ ।

तीमध्ये पुरूष ४२ हजार ७ सय ५८ र महिला ४१ हजार ६०६ जना रहेको छ। चेपाङहरू भापादेखि कञ्चनपुरसम्मका ३१ जिल्लामा रहेपनि सबैभन्दा धेरै चितवन, मकवानपुर, धादिङ, गोरखा, तनहुँ र लमजुङमा बस्छन्। यसमध्ये करिब ८० प्रतिशत बागमती प्रदेशमा बसोबास गर्छन् ।

वि.सं. २०३४ सालको तत्कालीन राजाको निर्देशनमा उनीहरुको आफ्नो जातीय नाम चेपाङबाट प्रजा भन्न थालिएको हो ।

पत्रकारितामा एआईबारे प्रशिक्षण

○ सहीखबर संवाददाता

मकवानपुर । आन्तरिक मामिला तथा कानुन मन्त्रालय बागमती प्रदेशको आयोजना तथा नेपाल पत्रकार महासंघ बागमती प्रदेश र नेपाल पत्रकार महासंघ मकवानपुरको सहकार्यमा आजबाट पत्रकार तथा सञ्चारकर्मीहरूको क्षमता अभिवृद्धि कार्यक्रम सुरू भएको छ ।

डिजिटल पत्रकारिता तथा पत्रकारितामा एआईको प्रयोगबारे जानकारी गराउने उद्देश्यले मकवानपुरको कुलेखानीमा कार्यक्रम आयोजना गरिएको हो ।

नेपाल पत्रकार महासंघ बागमती प्रदेशका अध्यक्ष कृष्णसारू मगरको अध्यक्षता तथा आन्तरिक मामिला तथा कानुन मन्त्रालय बागमती प्रदेशका मन्त्री शिवराज अधिकारीको प्रमुख आतिथ्यता कार्यक्रम सुरू भएको हो ।

कार्यक्रममा मन्त्री अधिकारीले पत्रकारिता क्षेत्र विकासका लागि मन्त्रालयले सदैव साथ दिने प्रतिबद्धता व्यक्त गरे । पछिल्लो समय सूचना प्रविधीको विकाससँगै पत्रकारिताको शैलीमा पनि परिवर्तन भइरहेकाले त्यसलाई आत्मसात गर्दै अघि बढ्न उनले तालिमका सहभागी पत्रकारहरूलाई सुझाव दिए । 'अहिलेको समय एआईको हो, यसलाई सही सदुपयोग गर्दै आफूलाई सक्रिय राख्नुहोस् ।' मन्त्री अधिकारीको भनाई छ । उनले लामो संघर्षबाट प्राप्त लोकतन्त्र सदैव बचाइराख्न आवश्यक रहेको भन्दै उनले सबै क्षेत्रमा यसमा लागिपर्नुपर्ने बताए । मुलुक लोकतान्त्रिक प्रणालीबाट अगाडि बढिरहेकाले जुन पार्टीको सरकार आएपनि लोकतन्त्रिक पद्धति नै प्रतिफल भएको बताए ।

यस्तै पत्रकार महासंघ बागमती प्रदेश समितिका अध्यक्ष सारूले देशमा प्रतीपक्षि हालसम्मको कमजोर अवस्थामा रहेको बताए । यस्तो अवस्थामा शसक्त प्रतिपक्षको भुमिकामा मिडिया



हुनुपर्ने उनको भनाई छ । 'आजको परिस्थिति र परिवर्तन सूचना प्राविधिको कारणले भएको हो' सारूले भने, 'यो कन्टेन क्रियटरको युग हो, हामीले गर्ने पत्रकारिताको मोडल परिवर्तन हुनुपर्छ ।' उनले पत्रकार समाजको ऐना भएकाले सुशासनमा अग्र भागमा हुनुपर्ने बताए । पछिल्लो समय सरकारी बिज्ञापनमा बिचौलिया मुक्त गरी अनियमितता नियन्त्रण गर्ने सरकारी प्रयास राम्रो भएपनि बिज्ञापन बितरणमा सरकारी र निजी मिडियामा विभेद हुन नहुने उनले बताए ।

उनले प्रदेश सरकारले समानुपातिक विज्ञापन नीति ल्याउनुपर्नेमा जोड दिए ।

कार्यक्रममा पत्रकार महासंघ बागमती प्रदेश समितिका उपाध्यक्ष हरि हुमागाईं, पत्रकार महासङ्घ मकवानपुरका उपाध्यक्ष ध्रुव अधिकारी, महासघ बागमती प्रदेश समितिका सदस्य उज्जल अधिकारी, आन्तरिक मामिला तथा कानुन मन्त्रालयका महाशाखा प्रमुख पदम ओझा, प्रेस चौतारी मकवानपुरका अध्यक्ष सरिता दाहाल, प्रेस युनियन मकवानपुरका अध्यक्ष सुवास बिडारी, प्रेस सेन्टर मकवानपुरका सचिव अनिल पराजुलीलगायतको आतिथ्यता थियो ।

भोलिसम्म कार्यक्रममा प्रशिक्षक शिव पुरी र अजय शर्माले प्रशिक्षण दिइरहेका छन् ।

मकवानपुरका दुग्ध उत्पादक किसानको बक्यौता रकम असारमा



○सहीखबर संवाददाता

मकवानपुर । मकवानपुरका दुग्ध उत्पादक किसानले बक्यौता रकम आगामी असार मसान्तसम्म पाउने भएका छन् । किसानसँग उधारोमा दुध खरिद गरेर भुक्तानी नदिएका निजी डेरी उद्योगलाई असार मसान्त भित्र रकम भुक्तानी गर्न जिल्ला प्रशासन कार्यालय मकवानपुरले निर्देशन दिएको छ ।

दुग्ध उत्पादक किसानको भुक्तानी नदिएका मकवानपुरका ११ वटा डेरी उद्योग सहित किसानका प्रतिनिधी समेत जिल्ला प्रशासन कार्यालय मकवानपुरमा भएको छलफल पछि किसानको बक्यौता रकम असार सम्म तिर्ने प्रतिबद्धता जनाएका छन् । सोमबार प्रशासनको सभाहलमा प्रमुख जिल्ला अधिकारी बसन्त अधिकारी, सुरक्षा निकायका प्रमुख, जिल्ला दुग्ध उत्पादक सहकारी संघका अध्यक्ष हरि कँडेल, जिल्ला सहकारी संघ लिमिटेडका अध्यक्ष नारायणप्रसाद देवकोटा, डेरी उद्योगका सञ्चालक एवम् व्यवस्थापकसंग छलफल गरिएको हो ।

प्रजिअ बसन्त अधिकारीले डेरी उद्योग सञ्चालकहरूलाई संघसँग भएको सहमति अनुसार नै भुक्तानी दिन निर्देशन दिए । किसानले लामो समयदेखि उधारोमा बिक्री गरेको दुधको मुल्य नपाएको गुनासो गरेपछि जिल्ला प्रशासन कार्यालय मकवानपुरले सर्बपक्षीय छलफल राखेको हो ।

मकवानपुरमा संचालित ११ उद्योग वटा डेरी उद्योगबाट किसानले २०७८ सालदेखि १४ करोड ३५ लाख ६३ हजार भुक्तानी पाउन बाँकी छ । यसअघि जिल्ला दुग्ध उत्पादक सहकारी संघले पनि किसानको भुक्तानी रोक्ने डेरी उद्योगहरूसँग छलफल गरेको थियो । बक्यौता रकम प्रत्येक महिना जम्मा गर्दै जाने र ६५ प्रतिशत बक्यौता यहि असार मसान्त सम्म भुक्तानी गर्ने भएको छ । बाँकी रहेको रकम असोज मसान्त सम्ममा पूर्ण रूपमा भुक्तानी गरि सक्ने प्रतिवद्धता उद्योगले जनाएका थिए ।

हेटौंडा ९ मा रहेको शुभ डेरीले सबैभन्दा धेरै ६ करोड ७० लाख भुक्तानी दिन बाँकी छ भने गायत्री डेरीले ४ करोड ४९ लाख भुक्तान दिन बाँकी छ । त्यसैगरी भुटनदेवी डेरी फर्मले २२ लाख ३३ हजार, अनुश्री सप्लायर्सले १९ लाख ७५ हजार, कविता डेरीले १२ लाख ४२ हजार, पवित्र मिल्कले ४ करोड ६ लाख, स्यार्सेकालिका डेरीले १ करोड ६ लाख, पिज्जा कटरले ७ लाख २३ हजार, नारायणी मिल्कले १० लाख ३२ हजार, एस।के।डेरीले २५ लाख २८ हजार र कल्पवृक्ष डेरीले ६५ लाख ५७ हजार भुक्तानी गर्न बाँकी छ । जिल्ला उत्पादक सहकारी संघसंग मकवानपुरमा ११ हजार किसान आबद्ध छन् भने ४२ डेरी उद्योगसँग जिल्ला संघले कारोबार गर्दै आएको छ ।

उद्योगीहरूलाई प्रबर्धन गर्न सरकार तयार रहेको बताउँदै प्रजिअ अधिकारीले किसानहरूको समस्यामा गम्भीर बनिदिन उद्योगीहरूलाई आग्रह गरे । छलफलको क्रममा उद्योगीहरूले बटर चिज लगायतका दुग्धजन्य पदार्थ लामो समयसम्म स्टकमै रहने र यसको बजारीकरणमा देखिएको समस्याको कारण भुक्तानीमा कठिनाई भएको गुनासो गरेका थिए ।

- समयमा कर तिरौं,
- वातावरणीय सरसफाइमा ध्यान दिऔं,
- पानी खेर नफालौ,
- हरियाली प्रवर्द्धन गरौं,
- सवारी चलाउँदा मोवाइलको प्रयोग नगरौ,
- बाटो काट्दा पैदलयात्रुलाई प्राथमिकता दिने गरौं ।

लोकहितको लागि सहीखबर

प्रोल्लास सिन्धुलीय सम्मानित

भैरव अर्याल स्मृति साहित्य सम्मान २०८२



मकवानपुर । भैरव अर्याल स्मृति साहित्य सम्मान २०८२ साहित्यकार प्रोल्लास सिन्धुलीयलाई प्रदान गरिएको छ । हेटौंडा पुष्पलाल स्मृति पुस्तकालयमा आयोजित कार्यक्रममा सिन्धुलीका साहित्यकार सिन्धुलीयलाई २१ हजार १ सय ११ रूपैयाँ नगदसहित भैरव अर्याल स्मृति सम्मान प्रदान गरिएको हो ।

हरेक वर्ष साहित्य सङ्गम मकवानपुर र सिस्नुपानी नेपाल मकवानपुरले संयुक्तरूपमा उक्त सम्मान प्रदान गर्दै आइएको छ । भैरव अर्यालकै जीवनीमा आधारित उपन्यास 'भग्न भैरव' लेखन तथा नेपाली साहित्यको वाङ्मयमा पुर्याएको योगदानको कदर गर्दै सिन्धुलीयलाई उक्त पुरस्कार प्रदान गरिएको आयोजकले जनाएको छ ।

पिता उमानाथ शास्त्री सिन्धुलीय र माता लालित्यलक्ष्मी शर्माबाट २०३२ साल बैशाख ७ गते सिन्धुली जिल्लाको गैयाटारमा जन्मिएका सिन्धुलीयले निरन्तररूपमा नेपाली साहित्य लेखन, सम्पादनलगायतका क्षेत्रमा योगदान पुर्याउँदै आएका छन् । उनको बाहिर एक मुट्ठी तुसारो छ, शब्दहरूको नेपथ्य, चुपचापको अन्त्यलगायतका कविता संग्रह प्रकाशित छ । कविताबाहेक कथा, लघुकथा, उपन्यास, निबन्ध, यात्रा संस्मरणका दर्जनौं कृतिहरू प्रकाशित छन् ।

'कथालिका', 'सेतो कागज'लगायतका साहित्यिक पत्रिकाका सम्पादकीय भूमिकामा रहेर काम गरिसकेका सिन्धुलीय हाल 'नयाँ पत्रिका' दैनिकको उपसम्पादकको रूपमा कार्यरत छन् । साहित्य सङ्गम मकवानपुर र सिस्नुपानी नेपाल मकवानपुरको संयुक्त आयोजनामा भएको कार्यक्रममा साहित्यकारहरू स्नेह सायमी तथा लक्ष्मी मालीले आफ्ना कृतिहरू पुष्पलाल स्मृति पुस्तकालयलाई उपलब्ध गराएका थिए ।

नेपालमा मात्रै हो ...

हुन् । यद्यपि, समुदायको सहभागिताबिना कुनै पनि विकासका कार्यक्रम दीर्घकालीनरुपमा सफल हुन सक्दैन । त्यसैले समुदायको सल्लाह, सुझाव र साथबाट सरकारको अभियान सफल हुनेमा दुई मत छैन । पारदर्शी र उत्तरदायी शासन प्रणाली पनि उत्तिकै आवश्यक छ । यस्तो अभियानमा भ्रष्टाचार जस्ता कार्यले नीति कार्यान्वयनै धुमिल बनाउँछ । अझ नेपालको सन्दर्भमा सुकुम्वासी समस्या भूमि वितरणको असमानता, गरिबी र बसाइँसराइसँग सम्बन्धित देखिन्छन् । विशेषगरी तराई□मधेशमा भूमिहीनता व्यापक छ, जहाँ ठूलो संख्यामा मानिस सार्वजनिक वा वन क्षेत्रको जमिनमा बसोबास गर्दै आएका छन् । सहरी क्षेत्रमा पनि काठमाडौं उपत्यकालगायत प्रमुख सहरमा अनधिकृत बस्ती विस्तार भइरहेका छन् ।

अब राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)को दुईतिहाइको बहुमतीय सरकारले विभिन्न समय भएका सुकुम्वासी आयोग गठन, भूमि वितरण कार्यक्रम तथा आवास योजनालाई संशोधन र सुधारसाथ कार्यान्वयनमा लानुपर्ने जरूरी छ । यी योजना राजनीतिक प्रभाव, तथ्यांक अभाव र कमजोर कार्यान्वयनका कारण अपेक्षितरुपमा सफल हुन सकिरहेका थिएनन् । धेरै अवस्थामा वास्तविक सुकुम्वासी पहिचान गर्न समस्या भएको अवस्थामा अहिले प्रमाणीकरण प्रक्रिया चलिरहेको छ ।

चीनबाटै पनि 'एकीकृत विकास योजना'जस्ता अवधारणा सिको गर्न सकिने देखिन्छ । यसमा आवाससँगै रोजगारी र पूर्वाधार विकाससमेत समावेश छन् । भारत र दक्षिण अफ्रिकाबाट भने नीति कार्यान्वयन विषयमा देखापरेका चुनौती पाठ बन्न सक्छ । दीर्घकालीनरुपमा सुकुम्वासी समस्या समाधान गर्न नेपाल सरकारले आधारभूत सुधार गर्न अति आवश्यक देखिन्छ । भूमि प्रशासन प्रणाली पारदर्शी र प्रभावकारी बनाउनुका साथै सहरी योजना सुधार गरेर अनियन्त्रित बसोबास रोक्नुपर्ने तहकारो आवश्यक छ ।

त्यस्तै, वास्तविक सुकुम्वासी पहिचान गरी लक्षित योजना बनाइनुपर्छ । निजी क्षेत्र र समुदायसँग सहकार्य गरेर आवास विकास तथा सामाजिक समावेशीकरणमार्फत सबै वर्गका लागि समान लाभान्वित हुनेगरी योजना अघि सानुपर्ने देखिन्छ । हुन त, सुकुम्वासी समस्या समाधान आर्थिक वा प्राविधिक चुनौतीसँगै मानव अधिकार सम्बन्धित विषय पनि हो । यसमा प्रत्यक्षरुपमा सामाजिक न्याय पनि जोडिएको हुन्छ । सुरक्षित आवास प्रत्येक व्यक्तिको आधारभूत अधिकार हो भने यसलाई दीर्घकालिक बनाउनु राज्यको प्रमुख दायित्व मानिन्छ । विश्वका विभिन्न देशले अपनाएका सफल र असफल अनुभवबाट सिक्दै नेपालले पनि दीर्घकालीन, समावेशी र प्रभावकारी नीति निर्माण गर्न सकेमात्रै सुकुम्वासीजस्ता समस्याले समाधानतर्फको बाटो पाउँदै जाने देखिन्छ ।

(यो लेखकको निजी विचार हो, लेख हामीले राजधानी दैनिकबाट साभार गरेका हौं ।)

बागमतीमा सभामुख चयन प्रकृया पेचिलो बन्दै

○ सहीखबरसंवाददाता

मकवानपुर । सभामुख चयनका लागि बागमती प्रदेश सभा सचिवालयले कार्यतालिकासमेत जारी गर्न सकेको छैन, जसले कानुनी र संवैधानिक जटिलता थपिदिएको छ ।

बागमती प्रदेश सभाको सभामुख चयनमा ढिलाइ भएपछि यसबारे टिकाटिप्पणी बढ्न थालेको छ। राजनीतिक सौदाबाजीका करण सभामुख चयन प्रक्रिया पेचिलो बनेको छ । संविधान अनुसार सभामुख वा उपसभामुख रिक्त रहेको अवस्थामा सभा सञ्चालनको १५ दिनभित्र नियुक्ति प्रक्रिया अघि बढाउनु पर्ने प्रावधान छ । तर, उक्त समय सीमा अनुसार सभामुख चयनका लागि बागमती प्रदेश सभाले प्रक्रिया अघि बढाउन सकेको छैन ।

गत चैत २४ गते बसेको प्रदेश सभा बैठकमा तत्कालीन सभामुख भुवन कुमार पाठकको राजीनाबारे जानकारी गराइएको थियो । सोही अनुसार वैशाख ८ गतेभित्र सभामुख चयन प्रक्रिया थाल्नु पर्ने थियो, तर दलहरुबिच सहमति हुन नसक्दा सभामुख चयनका लागि प्रदेश सभा बैठक आह्वान हुन सकेन ।

बागमती प्रदेश सभा सचिवालयका कानुन उपसचिव प्रकाश चापागाईंले उपसभामुख सक्रिय रहेको अवस्थामा सभामुखको अनुपस्थितिलाई पूर्णत: असंवैधानिक भन्न नमिल्ने बताए । उनले राजनीतिक दलहरुबिचको खिचातानीले सभामुख चयन प्रक्रिया प्रभावित भएको प्रस्ट पारे ।

संसदीय शासन व्यवस्थामा कार्यपालिकाको छाया व्यवस्थापिकामा पर्ने गरेको उपसचिव चापागाईंले बताए । संविधानको धारा १८३ को व्यवस्था अनुसार प्रदेश सभाको पहिलो बैठक बसेको १५ दिनभित्र सभामुख चयन गर्नुपर्ने व्यवस्था भए पनि हालको अवस्थालाई सत्ता पक्षले फरक ढंगले व्याख्या गरिरहेको उनको भनाइ छ ।

'संसदीय व्यवस्थामा शक्ति पृथकीकरणको कुरा गरे पनि कार्यपालिकाको छाया सभामा पर्छ । अहिले कुनै पनि एउटा दलको बहुमत नभएको र अन्य दलमा निर्भर हुनुपर्ने अवस्थाले गर्दा र राजनीतिक सौदाबाजीले सभामुख चयन प्रक्रिया लम्बिएको हो,' उनले भने, 'संविधानले १५ दिनभित्र चयन गर्ने व्यवस्था गरेको छ, तर बाध्याकारी अवस्था भने गरेको देखिँदैन । त्यसैले अहिले उपसभामुखले सभामुखको हैसियतमा काम गरिर हनुभएकाले यस अवस्थालाई संविधानको बर्खिलाप नै भन्न मिल्दैन ।'

लामो समयसम्म सभामुख पद रिक्त राख्नु राजनीतिक संस्कार र नैतिकताको दृष्टिले उचित नहुने उपसचिव चापागाईंको भनाइ छ । प्रदेश सभामा अनन्तकालसम्म सभामुख चयन नगर्नु भनेको सभा निष्कृय भएको सन्देश प्रवाह गर्नुजस्तै हुने उनले बताए । उनका अनुसार सभामुख चयनको विषय राजनीतिक संस्कार, नैतिकता र संविधानलाई क्रियाशील बनाउने विषयसँग जोडिएको छ ।

सभामुख चयनमा समय सीमा छैन: एमाले

नेकपा एमाले बागमती प्रदेशले प्रदेश सभाको सभामुख चयनका लागि कानुनी रुपमा तत्कालै अनिवार्य समय सीमा (डेडलाइन) नरहेको व्याख्या गरेको छ । सभामुखको पद रिक्त भएको अवस्थामा निश्चित दिनभित्रै निर्वाचन गरिसक्नुपर्ने बाध्यकारी व्यवस्था नरहेको एमालेको दाबी छ ।

एमाले बागमती प्रदेश संसदीय दलका नेता जगन्नाथ थपलियाका अनुसार सभामुख चयनको विषयलाई राजनीतिक समझदारीका आधारमा टुङ्गयाउनु पर्ने बताए । सभामुख चयन प्रक्रियाका बारेमा संविधानमा कानुनी व्यवस्था तथा समय सीमा बाध्यकारी नरहेको उनको भनाइ छ ।

'सभामुख चयनको कानुनी व्यवस्था त्यस्तो हार्ड एण्ड फास्ट छैन । निर्वाचन प्रक्रिया घोषणा गरेको १५ दिनभित्र निर्वाचन हुनुपर्ने व्यवस्था हो । तर अहिले निर्वाचन प्रक्रिया नै घोषणा भएको छैन । त्यसैले अहिले नै हतार गरि हाल्नुपर्ने र बिंतिहाल्ने अवस्था छैन,' थपलियाले भने । उपसभामुख पद बहाल रहेको र सदनको कामकारबाही चलिरहेकाले सभामुख चयनमा हतारो गर्नुभन्दा पनि दलहरुबिचको शक्ति सन्तुलन मिलाउनु मुख्य विषय रहेको उनले प्रस्ट पारे ।

एमाले सांसद केशवप्रसाद पोखरेलले सभामुख चयनको समय सीमाका विषयमा संविधानमा स्पष्ट १५ दिनको बाध्यकारी व्यवस्था नदेखिएको बताए । सभामुख चयनका विषयमा कानुनी अड्चन नभएकाले सत्ता साझेदार दलहरुबिच मुख्यमन्त्री र सभामुख पदको बाँडफाँटमा सहमति भएपछि मात्रै निर्वाचन प्रक्रिया अगाडि बढाउने एमालेको रणनीति रहेको उनले जनाए ।

'सामान्यतया सभामुखले राजीनामा दिएपछि सूचना टाँसेको वा सदन बसेको १५ दिनभित्र निर्वाचन गर्ने अभ्यास छ । अहिले २४ गते सदनको बैठक बसेकाले ९ गतेसम्मको समयलाई आधार मानिएको भए पनि संविधानमा स्पष्ट रुपमा यति नै दिनभित्र गर्नुपर्ने भन्ने उल्लेख छैन । त्यसैले यसलाई अलि पर सार्न पनि सकिन्छ,' पोखरेलले भने, 'हाउस बसेर जानकारी गराइसकेपछि १५ दिनभित्र भन्ने एउटा व्याख्या हो, तर यो समय सीमालाई दलीय सहमति र आवश्यकता अनुसार व्यवस्थापन गर्न सकिने विकल्पहरु हामीसँग छन् ।' बागमती प्रदेशको सभामुख चयन वैशाख महिनाभित्रै टुङ्गयाइने मुख्यमन्त्री इन्द्रबहादुर बानियाँले बताए । केही प्राविधिक तयारी र पार्टीको आन्तरिक व्यस्तताका कारण ढिलाइ भए पनि वैशाख महिनाभित्र सभामुख चयन गरिने उनको भनाइ छ ।

मुख्यमन्त्री बानियाँले सभामुख नहुँदैमा संसदको गतिविधि रोकिने अवस्था नरहेको बताए । संसदको कामकारबाहीमा सभामुखको अनुपस्थितिले तात्विक असर नपारेको उनको भनाइ छ । संवैधानिक व्यवस्था र १५ दिनभित्र सभामुख चयन गर्नुपर्ने प्रावधान मुख्यतया संसद् स्थापनाको सुरूवाती चरणका लागि भएको उनले बताए ।

वन डढेलो नियन्त्रण तथा व्यवस्थापनको लागि
डिभिजन वन कार्यालय, मकवानपुरको अनुरोध

डढेलोबाट वन जोगाऔं
अमूल्य वन सम्पदाको संरक्षण गरौं

सुख्खा तथा हावाहुरीको मौसममा आगोको सानो झिल्कोले वन जंगलमा डढेलो फैलिन गई वन, वन्यजन्तु र मानवीय क्षती समेत पुऱ्याउन सक्नेहुँदा डढेलो लाग्नबाट जोगाउन विशेष सावधानी अपनाऔं ।

वनमा आगो लगाउनेलाई वन ऐन नियम अनुसार ३ वर्ष कैद वा ६० हजार रुपैयाँसम्म जरिवाना वा दुबै सजाय हुनसक्दछ, त्यसैले वनमा आगो लगाउने वा आगोलागि हुनसक्ने कार्य नगर्न नगराउनुहुन सम्पूर्णमा अनुरोध गरिन्छ । डढेलो लागेको देखिएमा सबै समुदाय मिलि तत्कालै डढेलो निभाऔं । डढेलो नियन्त्रणमा आउन नसके वन समूह, नजिकको वन कार्यालय वा सुरक्षा निकायमा तुरुन्तै खबर गरौं ।

वन, वन्यजन्तु, जैविक विविधता र प्राकृतिक वातावरणको संरक्षण गर्दै, थप जनधनको क्षतीहुनबाट बचाउनु हामी सबैको कर्तव्य हो । तसर्थ वन डढेलो नियन्त्रण कार्यमा सहयोग गर्नुहुन सम्पुर्ण स्थानीय तह सरकारी तथा गैह्र सरकारी निकाय, वन समूह, संघ-संस्था, पत्रकारलगायत सम्पूर्णमा डिभिजन वन कार्यालय, मकवानपुर हार्दिक अपिल गर्दछ ।

डिभिजन वन
कार्यालय, मकवानपुर

हाँसौ: स्वस्थ रहौं

- हाँस्नु स्वास्थ्यका लागि लाभदायक हुन्छ,
- हाँस्ने र खुशी हुने बानीको विकास गरौं,
- तनाव, चिन्ता र निराशालाई कम गर्न हाँसौं,
- परिवार र साथीहरूसँग हाँसौं र रमाइलो समय बिताऔं,
- सकारात्मक सोच र उत्साहपूर्ण वातावरण सिर्जना गरौं,
- हाँस्ने योगमा सहभागी बनौं,
- अरूलाई खुशी बनाउने व्यवहार गरौं,
- सामाजिक सद्भाव र आपसी सम्बन्ध बलियो बनाऔं,
- मानसिक स्वास्थ्य सुधारमा हाँसोको भूमिका बुझौं,

हाँस र हँसाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड